

# *शनिअर्जुन नगरपालिकाको परिचय*

नेपाल सरकारको मिति २०७१/०१/२५ गतेको निर्णयअनुसार साविकका शनिश्चरे गा.वि.स. र अर्जुनधारा गा.वि.स.गाभेर घोषणा गरिएको यो शनिअर्जुन नगरपालिका मिति २०७१ साल जेठ ४ गतेदेखि नगरपालिका कार्यालय उद्घाटन भई सोही दिनदेखी कार्यान्वयनमा आएको हो । यस नगरपालिकालाई जम्मा ९ वटा वडामा विभाजन गरिएको छ ।

झापा जिल्लाकै पुरानो ऐतिहासिक बजार शनिश्चरे र पूर्वको पशुपतिनाथका नामले चिनिएको अर्जुनधारा जलेश्वरधाम रहेको यो शनिअर्जुन नगरपालिकाको कुल क्षेत्रफल ५८.६ वर्ग कि.मी. रहेको छ । नगरपालिका विश्व मानचित्रमा २६.४१, ०६" उत्तरी अक्षास. देखि ८७.९९, ५८" पूर्व देशान्तरमा रहेको छ । नेपालको कुल भुभागको ०.०३९ प्रतिशत र झापाको समेत ३.६२ प्रतिशत भुभाग शनिअर्जुन नगरपालिकाले ओगटेको छ । यो नगरपालिका समुद्री सतहबाट ११८ देखी १६५ मिटर उचाइमा पर्दछ । संसदीय क्षेत्र नं. ४ र इलाका नं. ५ मा पर्ने यस नगरपालिकाको कुल जनसंख्या राष्ट्रिय जनगणना २०६८ अनुसार ४५,१७४ रहेको छ । यस नगरपालिकाको जनघनत्व प्रतिवर्ग कि.मी. ७७० जना रहेको छ ।यस नगरपालिकाको उत्तरमा खुदुनावारी र बुधबारे गा.वि.स. दक्षिणमा विर्तामोड न.पा. पूर्वमा धाइजन गा.वि.स. र पश्चिममा कन्काइ नगरपालिका पर्दछ । यस नगरपालिकाको नजिकै चुरे क्षेत्र पर्ने भएको हुनाले पूर्णरुपमा समताल नभइ कही कतै सामान्य भिरालो, खोल्सा खोल्सी ताल तलाउ हरु रहेको पाइन्छ भने यहा माटो बढी बलौटे र हलुका र कालो माटो रहेको छ । यो नगरपालिका झापा जिल्लाको मध्य उत्तरमा रहेको छ । सदरमुकाम भद्रपुर देखि २३ किलो मिटर उत्तरमा रहेको यस नगरपालिकाको पूर्वमा धाइजन र गा.विस पर्दछ भने पश्चिममा खुदुनाबारी गा.वि.स र कनकाइ नगरपाकिला रहेका छन् त्यसरी नै दक्षिणमा विर्तामोड नगरपालिका पर्दछ उतरमा खुदुनाबारी र बुधबारे गाविस रहेका छन् । यस नगरपालिकालाई झापाकै बाढी प्रभावित विरिङ खोलाले बीचमा चिरेर बगेको छ भने झापाको १०० बर्ष भन्दा पुरानो बजार शनिश्चरे बजार पनि यसै नगरपालिकामा पर्दछ ।




*शनि अर्जुन नगरपालिका र यसको अन्य नगपालिका तथा गाविससागको सिमाना*





*नेपाल र झापा जिल्लामा शनिअर्जुन नगरपालिकाको अवस्थिति*

JHAPA DISTRICT

# Location of Sani-Arjun Municipality





Area : 58.6 Sq.km. (Dept. of Survey)

Population CBS 2011 : 45174

Population Density : 770 Persons/sq.km.




GIS Unit, LGCDP/MoFALD, 2014

# वडा विभाजित विवरण

| जिल्ला | नगरपालिकाको नाम | वडा सख्या | नगरपालिकामा गाभिने गा.वि.सहरु | साविक शनिश्चरे गा.वि.स | साविक अर्जुनधारा गा.वि.स. | हाल प्रस्तावित नगरपालिकामा कायम हुने वडा |
|---|---|---|---|---|---|---|
| झापा | शनिअर्जुन | ९ | शनिश्चरे अर्जुनधारा | १, २ | १ | १ |
| | | | | | २, ४ | २ |
| | | | | | ३, ५ | ३ |
| | | | | | ६ | ४ |
| | | | | ८ | ८ | ५ |
| | | | | | ७, ९ | ६ |
| | | | | ३,९ | | ७ |
| | | | | ४, ५ | | ८ |
| | | | | ६,७ | | ९ |

**नगरपालिकाको ऐतिहासिक पृष्ठभूमि :**

नेपालको पूर्वमा रहेको झापा जिल्लालाङ्गई चिनाउने ऐतेहासिक स्थल मध्ये झापाको शनिश्चरे बजार पनि हो । यो बजारको स्थापना १०० भन्दा पुरानो रहेको यसबारे जानकार व्यक्तिहरु बताउनु हुन्छ । त्यसबेला याता यातको कुनै साधन नभएको बखत समेत यो बजार हालको मेची अञ्चलको व्यापारिक केन्द्रको रुपमा स्थापित थियो । यहााबाट ३ दिनको बाटो भएर इलाम पााचथर ताप्लेजुङ्ग साथै कोशीको तेह्रथुमसम्मका मानिसहरु यस बजारमा नुन,मटट्टीतेल, संख्खर नरिवल, सुपारी जस्ता तराई तथा भारतीय सामग्रीहरुको लिएर व्यापार व्यवसाय गर्ने गरेका थिए । मेची अञ्चललाई जोडने हालको मेची राजमार्ग नहुादा विर्तामोडबाट शनिश्चरे खुदुनाबारी, दानाबारी हुदै इलाम पुग्ने सबै भन्दा छोटो बाटो भएको हुनाले समेत यो बजार दैनिक उपभोग्य सामानको लागि चल्तीको बजारको रुपमा हेरिन्थ्यो । बजार क्षेत्रमा हालसम्म पनि पुराना व्यापारीहरु विद्यमान रहेको र पुस्तौ पुस्तासम्म व्यापार व्यवसाय सञ्चालन गर्दै रहेका छन् । शनिबारको दिन अझै पनि हाट बजार लाग्ने गरेको र झापाकै पहिलो खसी बाख्रा बजार पनि यही बजार अर्न्तगत रहेको छ । शनिबार लाग्ने बजारको नामबाट नै नगरपालिका हुनु भन्दा अघि शनिश्चरे गा.वि.सको नामले परिचित थियो भने त्यसै गरी महाभारत कालमा पाण्डवहरू लुकेर यीनै स्थानमा गुप्तवास बसेका र दुर्योधन लगायत कौरवहरूले उत्तपत्ता लगाई पाण्डवहरूको गुप्तवास भंग गर्न विराट राजाका नौ लाख गाईहरू हरण गरी लगेको तथा कौरवहरूले गाई हरण गरेको स्थान गौ हरण तथा यसको अपभ्रंश भई गोरुवा हुदै गरुवा भएको बताइन्छ, जुन स्थान हाल इलाम जिल्लाको दानाबारी गाविसमा पर्दछ। हरण गरेर लगेका गाईहरू कौरव पक्षले गौहटी (हाल आसाम राज्यको गुहाटी) पुर्याएका थिए र पाण्डव पक्षका वीर योद्धा बृहन्नला (नपुसक)को रूपमा लुकेर बसेका अर्जुनले लुटिएका गाईहरू कौरवहरू साग युद्ध गरी फिर्ता ल्याउादा अत्यन्तै तिर्खाएकाले जलदेवता भगवान शिवको आरधना गरी जमीनमा प्रर्जन्य अस्त्र (पानी निकाल्ने यन्त्र, वाणको माध्यम)ले पानी निकाली गौमातालाई खुवाएको स्थानका रूपमा यस स्थानलाई लिइन्छ। यहाा निरन्तर धाराको रूपमा पानी बगिरहेको हुनाले यसलाई अर्जुनधारा धाम भनिएको र २०७० सालमा नेपाल सरकारले नगरपालिका घोषणा पछि यस नगरपालिकाको नाम शनिअर्जुन नगरपालिका रहने गएको छ ।